# जनताको हातमा संचारको अर्थ

विनय कसजू

"घाटमा लगेको मुर्दार र बजारमा बेच्न लगेको तरकारी फर्काउन भैन । बेपारीले जे भाउमा माग्छ त्यही भाउमा छोडेर आउनुपर्छ के गर्ने ?" म्याग्दी जिल्लाको राखु भगवती गाविसका एक जना किसानको पीडा हो यो । झण्डै आठ वर्षअघि बेनी बजारमा गाउँले देउराली पत्रिकाको गाउँले पत्रकारिता तालिम संचालन गर्ने मेसोमा गाउँमा रिपोर्टिङ गर्ने अभ्यास गर्न जाँदा एक जना किसानले यो पीडा पोखेका थिए । उनको बारीमा रहर लाग्दा तरकारी फलेका थिए । तर उनले आफ्नो मेहनतको मोल पाइरहेका थिएनन् । बजारमा बेच्न लगेको तरकारी पसलेले मागेको भाउमा दिनुपर्थ्यो । फर्काउन पनि चारपाँच किलोमिटर उकालो बाटो बोक्नुपर्थ्यो । फर्काएपछि पनि आफूले खान भ्याएन भने डिँगालाई ख्वाउनुपर्थ्यो ।

तर अचले स्थिति फेरिएको छ । अहिले म्याग्दीका गाउँमा मोबाइल फोन पुगेको छ । किसानहरु बारीमा गएर तरकारी टिप्नुभन्दा पहिले बजारका तरकारी पसलेसँग भाउताउ गर्छन् । आफूलाई चित्त बुझ्ने मोल पाए भने मात्रै उनीहरु तरकारी फलफूल टिपेर ढाकरमा राखेर बजारतिर लैजान्छन् । मोबाइल फोन किसानलाई आफ्नो मालको उचित मोल दिलाउने एउटा बलियो साधन बनेको छ । संचार शक्ति जनताको हातमा पुग्यो भने जनताको सम्पन्नता र शक्ति बढ्छ भन्ने उदाहरण अहिले नेपालका कतिपय गाउँमा देखिन थालेको छ ।

पह्रार सिद्धार्थ राजमार्गमा पाल्पाको चिर्तुङधाराको छेउमा ट्रक लुटियो । चोरहरु गाउँमा पसे । स्थानीय सम्बाददाताले फोन गरेर रेडियो मदनपोखरालाई जानकारी दियो । रेडियोले अरु कार्यक्रम रोकेर ट्रक लुटिएको र चोरहरु गाउँमा पसेको खबर फुक्यो । गाउँलेहरु सक्रिय भए । चोरलाई फेला पारे र भोलिपल्ट प्रहरीलाई बुझाए ।

गाउँमा आगो लाग्यो, कुनै दुर्घटना भयो भने हिँजोअस्ति कटुवाल कराउँथ्यो । गाउँको अग्लो ठाउँ वा ढिस्कोमा उभिएर उसले नाइटोदेखिको बलले चिच्याएर गाउँलेलाई खबर सुनाउँथ्यो । तर अचेल यो काम एफएम रेडियो र मोबाइल फोनले गरिरहका छन् । कतिपय कटुवालको हातमा अहिले मोबाइल फोन पुगेको छ । अब ऊ गाउँका अग्ला ढिस्काहरुमा चढेर मुटु फुट्ने गरी चिच्याउनु पर्दैन ।

मोबाइल फोन र एफएम रेडियो, खास गरी सामुदायिक रेडियोले साँच्चै जनताको हातमा संचार शक्ति पुग्न लागेको अनुभव दिलाउँदैछ । नेपालको अनुभवबाट अरु देशले पनि सिक्न थालेका छन् । अब मोबाइल फोन र रेडियोसँगै अर्को शक्ति पनि थपिएको छ । इन्टरनेटको शक्ति ।

"बाग्लुङ हटिया १ की उमा अधिकारी विदेशिएका श्रीमान्लाई पहिलेजस्तो टेलिफोन गर्दिनन् । कम्प्युटरको ज्ञान नभए पनि उनी च्याटमा व्यस्त हुन थालेकी छिन् । एकातिर सस्तो, अर्कोतिर तसबिर हेरेर मज्जाले कुरा गर्न पाइने रहेछ । अधिकारीले भनिन् । .... त्यहीँका उदय पौडेल पनि डेनमार्कमा रहेका दाजु कुलराजसँग दैनिकजसो च्याट सम्पर्कमा हुन्छन् । ..... च्याट गर्न जानेपछि टेलिफोन आवश्यक नभएको उनले बताए ।" माघको २५ गते कान्तिपुर दैनिकमा छापिएको खबरको टुक्रा हो यो । समाचारका अनुसार गल्कोटको हटिया बजारमा

स्थानीय टीकाराम गौतमले इमेल इन्टरनेट सुविधा उपलब्ध गराएपछि स्थानीय बासीले अहिले चिठीपत्र र फोनको साटो इमेल र इन्टरनेटलाई उपयोगमा ल्याएका छन् ।

सूचना तथा संचार प्रविधिको विकासको प्रभाव नेपालका गाउँगाउँमा पनि पर्न थालेको छ । वर्तमान उदार राजनीतिक व्यवस्था, विदेशमा कमाएर नेपाल पठाइने पैसा, आर्थिक तथा शैक्षिक स्तरमा आउन लागेको परिवर्तको प्रभावको संकेत हो यो । तर यो नयाँ प्रविधिलाई सूचना आदानप्रदान गर्ने साधनको रुपमा मात्रै उपयोग नगरीकन जनताको जीवनस्तर उकास्ने साधन बनाउन सके धेरै फाइदा पाउन सकिन्छ । यो यस्तो प्रविधि हो जसले मानिस कहाँ बसेर काम वा कुरा गर्छ भन्ने मतलब हुँदैन । हिमालको टुप्पा होस् कि बाक्लो जंगलको माभmमा होस् जहाँ बसेर पनि यो प्रविधिको उपयोग गरेर संसारको जुनसुकै ठाउँका मानिससँग कुराकानी गर्न र डेटा (लिखित, मुद्रित, पाठ्य सामग्री, अक्षर, ध्वनि, चित्र, चलचित्र इत्यादि ) प्रेषण प्राप्ति र प्रशोधन गर्न सकिन्छ । यसरी सम्पर्क र संप्रेषण गर्नका लागि भीस्याट जस्ता संचार भूउपग्रह, तार रहित ब्रोडव्याण्ड लिंक र अहिले आएर फाइबर अप्टिकको संचार राजमार्ग उपलब्ध हुँदैछ ।

ब्रोडव्याण्ड कनेक्सन गाउँमा पुग्यो भने यसले अर्को आर्थिक क्रान्ति ल्याउने छ । युवाहरु काम खोज्न विदेश जानु पर्ने छैन । गाउँकमा काम आउने छ । महँगो ज्याला तिरेर काम गराउनु पर्ने धनी देशका कम्पनीहरुले सस्तो श्रमको लागि हाम्रागाउँका युवाहरुलाई काम दिनेछन् । यस्तो काम काठमाडौंमा धेरै वर्ष पहिलेदेखि भइरहेको छ र अरु ठूला सहरहरुमा पनि हुन थालेको छ । तर अब यो काम गाउँमा नै हुनथाल्नेछ । फलस्वरुप गाउँकै चोखोमिठो खाएर, स्वच्छ हावामा सासफेर्दै गाउँमै लाहुरको आम्दानी गर्न सकिने छ । यो काम अब आर्थिक र प्राविधिकरुपले सम्भव छ । कहिले गर्ने भन्ने कुरा मात्रै बाकी छ । यदि बाधक भए राजनीतिक व्यवस्था वा सरकारी नीति र पुराना ऐनकानुन र थोत्रो सोच मात्रै बाधक बन्न सक्छन् ।

नेपालसँग समुद्र र खानी नभएको हुनाले विकास भएन भन्ने बाहाना अब पुरानो भइसेको छ । दिमाग कुनै देश, जात वा क्षेत्रको पेवा होइन । अनुकूल शिक्षा, वातावरण र अवसर पाएमा जुनसुकै क्षेत्र, धर्म, जात, भाषाभाषीमा पनि बौद्धिक प्रतिभा फस्टाउनसक्छ । यो कुरा विदेशमा सूचना तथा संचार प्रविधिको क्षेत्रमा काम गरिरहेका नेपालीहरुले देखाइरहेका छन् । विदेशीका लागि बन्दुक बोक्ने वा भाँडा माभm्ने हातहरुमा सूचना तथा संचार प्रविधिले अपूर्व अवसर उपलब्ध गराइरहेको छ । यो अवसर चिन्न सक्नु आजको माग हो ।

धन्यवाद ।

सानेपा, ललितपुर

२०६४ माघ २६ गते

रेडियो लुम्बिनी, बुटवलको **शान्तिपथ** मासिक वर्ष १, अंक १, २०६४ फागुनको अंकमा प्रकाशित